श्री

# कपिलवस्तु जिल्ला अदालत
## तौलिहवा

तौलिहवा,कपिलवस्तु
☏076-561010
km\ofS; 076-560131
Email:infodckapilvastu@dcourt.gov.n

प.सं.:-०७४/०७५

तहशिल शाखा

च.नं.:-

मितिः- २०७५।५।५

### विषय :वार्ताद्वारा सवारी साधन बिक्री गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना ।

सूचना प्रकाशित मितिः २०७५/५/५

यस अदालतमा विभिन्न मुद्दाहरुयमा दशी स्वरुप दाखिला हुन आई यस अदालतमा जिन्सीमा आम्दानी बाँधीएका निम्न मोटरसाईकलहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली, २०५२ को नियम ९०क र नियम ९० ख तथा आर्थिक कार्यविधि नियमावली, २०६४ समेत बमोजिम डाक बढाबढद्वारा एकमुष्ठ लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति तथा फर्महरुवाट डाँक बढावढको लागी आव्हान गरी मिति २०७५/२/३२ मा प्रथमपटक र मित २०७५/४/१५ मा दोस्रोपटक लिलाम बिक्री गर्ने सूचना प्रकाशित गर्दा समेत निर्धारित समय र मिति सम्ममा कोही कसैले पनि लिलाममा चढेका मोटरसाइकल लिलाम सकार गर्न नआएकोले मित २०७५/५/५ को यस अदालतको निर्णयानुसार उक्त सवारी साधनहरु साविक जिल्ला अदालत नियमावली,२०५२ को नियम ९०क(१०) र ९०ख(५) हाल जिल्ला अदालत नियमावली २०७५ को नियम ९२(११) अनुसार कानुनले तोकेको विभिन्न कार्यालयहरुका प्रतिनिधिसमेतको रोहवरमा देहाय अनुसार वार्ताद्वारा मिति २०७५/५/१८ मा एकमुष्ठ बिक्री गरिने भएकोले सम्वन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

लिलाम बिक्री गरिने मोटरसाईकलको विवरण

| क्र. सं. | जिन्सी नं. | मुद्दा | जिन्सी सामान को विवरण | मोटरसाईकल नं. | मोडेल नं. | ईन्जिन नं. | च्यासिस नं | न्यूनतम कायम मूल्य | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २३२ | वनपैदावर | होन्डा साईन | लु ५ प ७६८५ | 2006 | JC36E-9201941 | ME4JC366E88138939 | १०००।- | पुन दर्ता नहुने |
| २ | 232 | वनपैदावर | होन्डा साईन | लु ८ प ५६३४ | 2006 | JC36E-9520495 | ME4JC366AA837234 | १०००।- | पुन दर्ता नहुने |
| ३ | 257 | चोरी | होन्डा | लु.१२ प | 201 | HA1ØELDH | MBLHA1ØASD | ३००० | पुन |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | हुने |
| ४ | 260 | चोरी | हिरो स्पेलेन्ड | लु १२ प ७८६२ | 2014 | HA10ELDHA08164 | MBLHA10ASDHA00457 | ३५,०००।- | पुन दर्ता हुने |
| ५ | 281 | लागु औषध | होण्डा साईन | UP55P6716 | 2010 | JC36E-7-3904536 | ME4JC36NAF7236978 | २०००० ।- | पुन दर्ता हुने |
| ६ | 286 | लागु औषध | हिरो होण्डा | UP52X8219 | 2016 | HA10ENcGM0210 | MBLHA10AWCGM16965 | ५५,०००।- | पुन दर्ता हुने |
| ७ | 301 | लागुऔषध | बजाज | लु.३२ प. ५९७२ | 2017 | DHZWHK17836 | MD2A11CZ2HWK05369 | १२०००० । | पुन दर्ता हुने |
| ८ | 325 | लागु औषध | हिरो होन्डा | UP55P3280 | 2014 | HA10ETEHJ53781 | MBLHA10BJEHJ54175 | ३५०००।- | पुन दर्ता हुने |

१. वार्ताद्वारा बिक्रि गरिने मितिः मिति २०७५/५/१९ गते समय १०:०० वजे देखि १:०० वजे सम्म निवेदन दर्ता गराउनुपर्ने र १:०० बजेदेखि ५:०० बजेसम्म वार्ताद्वारा वार्ता प्रकृया हुने ।

२. निर्धारित समयमा निवेदन दर्ता नगराई सो मिति समयमा उपस्थित हुने व्यक्ति वा फर्मलाई वार्तामा सहभागी गराईने छैन ।

३. वार्ताम सहभागी हुन निवेदन दर्ता गराइ निर्धारित समयभित्र एउटा मात्र व्यक्ति वा फर्म उपस्थित भए वार्ताद्वारा मूल्य कायम गरिने र एकभन्दा वढी व्यक्ति वा फर्म उपस्थित भएमा सहभागीका बीच लिलाम बढावढको प्रकृया अपनाईनेछ । सो प्रकृयामा सवभन्दा बढी अंक कबुल गर्ने व्यक्ति वा संस्थालाई लिलामीमा चढाईएका उक्त मोटरसाईकलहरु बिक्री गरिनेछ ।

४. निवेदन दस्तुर रु १०००/(एक हजार मात्र) लाग्ने र उक्त रकम फिर्ता नहुँने

५. लिलाम हुने स्थानः कपिलवस्तु जिल्ला अदालत, तहसिल शाखा

६. वार्तामा निवेदक स्वयम उपस्थित हुनुपर्नेछ ।

७. लिलाम हुने मोटरसाईकल हेर्न चाहेमा अदालत खुलेको दिन तहसिल शाखामा आई हेर्न सकिनेछ ।

८. डाँक सकार गरी लिनेले ७ दिन भित्र बाँकी सम्पुर्ण रकम दाखीला गरी मोटरसाईकल उठाई लैजानुपर्नेछ । सो अवधिभित्र उठाई नलगेमा १० प्रतिशत धरौटी जफत हुनेछ ।

९. मोटरसाईकल आफ्नो नाममा दर्ता गराउने दायित्व लिलाम सकार गर्ने को नै हुनेछ र दर्ता गराउँदा नियमानुसार लाग्ने अन्य दस्तुर समेत लिलाम सकार गर्नेले नै बेहोर्नुपर्नेछ ।

१०. लिलाम सम्वन्धी सम्पूर्ण अधिकार यस अदालतलाई हुनेछ ।

११. यस सम्वन्धमा केही बुझ्नुपरेमा यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ ।